म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २८८ बिहीबार, २१ जेठ २०८३ ने. सं. ११४६ अनलागा 4 June 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## उपमहानगरले खोल्यो छात्रवृत्ति फर्म

हेटौंडा, २० जेठ/नगरवासीले सहजरुपमा शैक्षिक गतिविधिमा सहभागी गराउनका लागि हेटौंडा उपमहानगरले छात्रवृत्तिको लागि आवेदन खुला गरेको छ ।

नगरभित्र रहेका सावर्जनिक शैक्षिक सस्थाको माध्यमिक तह अध्ययन गर्न चाहने विद्यार्थीलाई लक्षित गर्दै बुधबारबट छात्रवृत्तिको आवेदन खुल्ला गरीएको हो । माध्यमिक तह (कक्षा ११ र १२) सञ्चालन भएका विद्यालयमा शैक्षिक सत्र २०८३/८४ का लागि छात्रवृत्ति परीक्षाको फर्म अनलाईनमार्फत भर्न सकिने छ । २०८२ सालको एसईई परिक्षामा सहभागी भई ग्रेडेड भएका विद्यार्थीले जेठ २० देखि २७ गतेसम्म अनलाइनमार्फत फर्म भर्नसक्ने व्यवस्था मिलाइएको उपमहानगर पालिका शिक्षा महाशाखाले जनाएको छ । आवेदनपछि उपमहानगरले परीक्षामार्फत छात्रवृत्तिको व्यवस्था गर्ने बताइएको छ ।

### सञ्चारक्षेत्रलाई संघीय संरचनाअनुसार पुन:संरचना गर्ने

# लोककल्याणकारी विज्ञापनलाई पारदर्शी बनाउने: मन्त्री तिमल्सिना

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/तीन तहका सरकारबीच समन्वय, कार्यगत स्पष्टता र सेवाप्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजित विषयगत समितिको बैठकले सञ्चारक्षेत्रका संरचनागत समस्या समाधान, पुराना कानुन संशोधन, 'डिजिटल' प्रणाली विकास तथा सेवा एकीकरणलगायत विषयमा महत्वपूर्ण निर्णय गरेको छ ।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ अन्तर्गत गठित सूचना तथा सञ्चार क्षेत्र सम्बन्धी विषयगत समितिको बुधबारको बैठकले सञ्चारक्षेत्रलाई संघीय संरचनाअनुसार पुन:संरचना गर्ने दिशामा महत्वपूर्ण निर्णय गरेको हो । सञ्चार मन्त्रालयमा भएको बैठकले विषयगत समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि २०८३ स्वीकृत गर्दै भविष्यमा निर्णय कार्यान्वयनको नियमित अनुगमनको व्यवस्था गरेको छ । बैठकमा सूचना तथा सञ्चारमन्त्री डा.विक्रम तिमिल्सिनाले बदलिँदो प्रविधिसँगै विद्यमान कानुनी ढाँचामा परिवर्तन अपरिहार्य भएको उल्लेख गर्दै संसद्बाट अधिकतम कानुन निर्माणका काम प्राथमिकतामा राखिने बताएका छन् ।

सहज सेवाप्रवाह र विकास निर्माणका काममा गतिदिन तीन तहका सरकारबीच आपसी समन्वय, सहकार्य तथा सिकाइ आदानप्रदान र खुला छलफल आवश्यक रहेको धारणा उनले व्यक्त गरे । सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रभित्र देखिएको दोहोरो र तेहरो संरचनालाई निर्ममतापूर्वक समीक्षा गर्नुपर्नेमा जोड दिँदै विशेषगरी अनुदान वितरण, विज्ञापन प्रणाली र सञ्चारमाध्यमको प्रभावकारिताबारे पुनरवलोकन आवश्यक भएको बताए । लोककल्याणकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी बनाउनुपर्ने बताउँदै उनले, 'जनताको करबाट उठेको स्रोत नागरिक हितमै प्रयोग भइरहेको छ वा छैन भन्ने प्रश्नको उत्तर खोजिनुपर्छ' भने ।



बैठकमा तीन तहका सरकारले एउटै प्रकृतिका कामका लागि छुट्टाछुट्टै संरचना निर्माण गर्दा सेवाप्रवाह जटिल बन्दै गएको, अधिकार र जिम्मेवारीमा अस्पष्टता रहेको तथा एक तहले गरेको काम अर्को तहले स्वीकार नगर्ने प्रवृत्तिले समन्वय कमजोर बनाएकोलगायत विषय उठेका थिए । सञ्चारमाध्यम दर्ता र नवीकरण, सञ्चारकर्मीका लागि प्रेस पास वितरण, अनलाइन मिडिया व्यवस्थापन, प्रसारणक्षेत्र, चलचित्र र दूरसञ्चार क्षेत्रका कानुनी अस्पष्टता प्रमुख समस्याका रुपमा उठाइएको थियो ।

बैठकले रेडियो यन्त्र लाइसेन्स व्यवस्थापनलाई व्यवस्थित बनाउन रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ अनुसार प्रदेशले समन्वय गर्ने र कानुनी सुधारका लागि सबै प्रदेशबाट सुझाव संकलन गरी कानुन संशोधन प्रक्रिया अघि बढाउने निर्णय गरिएको छ । अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरणलाई लिएर देखिएको अन्योल हटाउन छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४९ संशोधन गर्ने प्रक्रिया अघि बढाउने निर्णय बैठकले गरेको छ ।

विशेषगरी प्रदेश कानुन अनुसार दर्ता भएका अनलाइन मिडियाको नवीकरण प्रक्रियामा देखिएको समस्या समाधान गर्न तत्काल नियमावली संशोधन प्रक्रिया अघि बढाउने निर्णय भएको छ । सञ्चारक्षेत्रको डाटाबेस र नियमन प्रणालीलाई व्यवस्थित गर्न एकीकृत प्रणाली विकास गर्ने निर्णय बैठकले गरेको छ । सञ्चार मन्त्रालय, प्रदेश, स्थानीय तह तथा प्रेस काउन्सिल नेपालसँग समन्वय गरी सञ्चारमाध्यमको एकीकृत प्रणाली विकास गरिनेछ । यसले सञ्चार संस्थाको दर्ता, नवीकरण, निगरानी र अभिलेखीकरणलाई एउटै प्रणालीमा ल्याउने छ ।

हुलाक सेवालाई पुनर्जीवित गर्दै सरकारी कुरियर सेवाकारुपमा रुपान्तरण गर्ने विषय बैठकको अर्को महत्वपूर्ण 'एजेन्डा'का रुपमा रहेको थियो । राहदानी, सवारीचालक अनुमतिपत्र, सीमकार्ड, शैक्षिक प्रमाणपत्रलगायत सरकारी कागजात जनताको घरदैलोमा पुऱ्याउन हुलाक सेवा प्रयोग गर्ने सरकारको योजना अनुसार यसका लागि प्रदेश र स्थानीय तहलाई आवश्यक समन्वय गर्न आग्रह गरिएको छ । हुलाक कार्यालयका जग्गा तथा सम्पत्तिमाथि भइरहेको अतिक्रमण रोक्न तथा अतिक्रमित सम्पत्ति फिर्ता गराउन सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो ।

सबै तहका सरकारले नीति तथा बजेटमार्फत हुलाकसेवाको विविधीकरण, आधुनिकीकरण र डिजिटल रुपान्तरणका लागि स्रोत सुनिश्चित गर्नेसक्नेबारे छलफल भएको छ । विज्ञापन क्षेत्रको व्यवस्थापनमा देखिएको असमानता हटाउन विज्ञापन बोर्डले तयार गरेको नमुना निर्देशिका र स्थानीय तहका लागि नमुना ऐन कार्यान्वयनमा ल्याउने तयारी थाल्ने पनि बैठकले निर्णय गरेको छ । तीन तहबीचको समन्वयमार्फत् विज्ञापन प्रणालीलाई पारदर्शी, उत्तरदायी र एकरुप बनाउने लक्ष्य राखिएको छ ।

चलचित्र, वृत्तचित्र, फोटोग्राफी तथा डिजिटल सामग्री उत्पादनलाई उद्योगका रुपमा विकास गर्ने रणनीति पनि बैठकले अघि सारेको छ । प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अन्तरर्राष्ट्रिय प्रवर्द्धन गर्दै नेपाललाई अन्तरर्राष्ट्रिय चलचित्र छायांकन तथा सिर्जनात्मक गन्तव्य बनाउने उद्देश्य राखिएको छ । यसका लागि सबै तहका सरकारले सहजीकरण गर्ने प्रतिबद्धता जनाएका छन् ।

दूरसञ्चार क्षेत्रमा ग्रामीण दूरसञ्चार विकास कोषको प्रभावकारी उपयोग गरी स्थानीय तहमा 'ब्रोडब्याण्ड' सेवा निरन्तरता सुनिश्चित गर्ने, सरकारी प्रकाशन प्रणालीमा एकरुपता कायम गर्न प्रदेश र स्थानीय सरकारका राजपत्र छपाइ नेपाल सरकारले अपनाएको ढाँचाअनुसार गर्ने तथा भाषा आयोगले सिफारिस गरेका मातृभाषामा समाचार उत्पादन, प्रकाशन र प्रसारणलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने निर्णय बैठकले गरेको छ । मिथ्या सूचना नियन्त्रण र जिम्मेवार पत्रकारिता प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै तीन तहका सरकारले जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालनलाई प्राथमिकतामा राख्ने निर्णय बैठकले गरेको छ ।

## प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्तिप्रति आपत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/प्रधानमन्त्री बालेन्द्र शाहले संसदमा प्रतिपक्षी दलको प्रश्नको जवाफ दिनेक्रममा नेपालले पनि भारतको सीमा मिचेको भन्ने आशयं व्यक्त गरेको विषयलाई लिएर मकवानपुरका चार प्रतिपक्षी राजनीतिक दलले गम्भीर चासो र आपत्ति जनाएका छन् ।

यो विषयमा छलफल गर्न सोमबार हेटौंडास्थित नेपाली कांग्रेस मकवानपुरको पार्टी कार्यालयमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाल कम्युनिस्ट पार्टी तथा श्रमसंस्कृति पार्टीका प्रतिनिधिबीच विशेष बैठक सम्पन्न भएको हो । बैठकमा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, नेकपा (एमाले) मकवानपुरका कार्यवाहक अध्यक्ष हिदम लामा, नेपाली कम्युनिस्ट पार्टीका जिल्ला संयोजक ध्रुव भुजेल तथा श्रमसंस्कृति पार्टीका केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज सुन्दर लामाको सहभागिता रहेको थियो ।

बैठकले प्रधानमन्त्रीले संसदको रोस्ट्रमबाट व्यक्त गरेको अभिव्यक्तिप्रति विशेष ध्यानाकर्षण भएको जनाएको छ । सहभागी दलले यदि नेपालले भारतको सीमा मिचेको भन्ने दाबी सत्य हो भने त्यसलाई तथ्य र प्रमाणसहित सार्वजनिक गर्नुपर्ने धारणा राखेका छन् । बैठकमा सहभागी नेताले विशिष्ट र जिम्मेवार पदमा रहेका व्यक्तिले राष्ट्रिय सार्वभौमसत्ता, सीमा तथा अन्तर्राष्ट्रिय सम्बन्धजस्ता संवेदनशील विषयमा बोल्दा पर्याप्त आधार र प्रमाणकासाथ अभिव्यक्ति दिनुपर्नेमा जोड दिएका थिए ।



बिनाप्रमाण यस्ता विषय उठाउँदा राष्ट्रियहित र नेपालको अन्तर्राष्ट्रिय छविमा नकारात्मक प्रभाव पर्नसक्ने उनीहरुको भनाइ थियो । श्रमसंस्कृति पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज लामाकाअनुसार प्रधानमन्त्रीको अभिव्यक्तिले उत्पन्न गरेको विषयवस्तुमा चार राजनीतिक दलबीच गम्भीर छलफल भएको छ । बैठकले यस विषयमा साझा धारणा तयार गरी छिट्टै संयुक्तरुपमा सार्वजनिक गर्ने निर्णय गरेको जनाएको छ । मकवानपुरका प्रतिपक्षी दलले राष्ट्रियहित, सार्वभौमसत्ता तथा सीमासम्बन्धी विषयमा सरकार थप जिम्मेवार र तथ्यमा आधारित हुनुपर्ने आवश्यकता औंल्याएका छन् ।

## बागमती प्रदेशस्तरीय कम्युनिटी कोचिङ कोर्स जारी

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/तल्लो तहदेखि फुटबलको विकास तथा दक्ष प्रशिक्षक उत्पादन गर्ने उद्देश्यले हेटौंडामा बागमती प्रदेशस्तरीय 'कम्युनिटी कोचिङ कोर्स' भइरहेको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा 'कम्युनिटी कोचिङ कोर्स' हेटौंडामा सुरु भएको हो । कोर्समा बागमती प्रदेशका १३ जिल्लाबाट ९१ जना प्रशिक्षार्थी सहभागी भएको बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाले जानकारी दिएका छन् । कार्यक्रम संयोजक अमृत लुङ्बाका अनुसार तालिममा सहभागीलाई फुटबलका आधारभूत सिद्धान्त, खेलकौशल, प्रशिक्षण पद्धति तथा खेलका आधुनिक नियमबारे सैद्धान्तिक र व्यावहारिक प्रशिक्षण प्रदान गरिनेछ ।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा सञ्चालन भइरहेको प्रशिक्षण जेठ २७ गतेसम्म चल्नेछ । तालिम सफलतापूर्वक पूरा गर्ने सहभागीले भविष्यमा एन्फाको 'सी' लाइसेन्स कोचिङ कोर्समा सहभागी हुने अवसर प्राप्त गर्नेछन् ।






साझाकुरा

## हाम्रो कुरा

# हेटौंडाको भविष्य उज्ज्वल

बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले हेटौंडालाई मुलुकको मध्यभागमा अवस्थित महत्वपूर्ण सहरको रुपमा चित्रण गर्दै यसको भविष्य उज्ज्वल रहेको बताएका छन् । हेटौंडा उपमहानगरपालिकाद्वारा आयोजित समृद्ध हेटौंडा बहसका क्रममा व्यक्त उनका विचार केवल औपचारिक मन्तव्य मात्र होइनन्, ती हेटौंडाको दीर्घकालीन सम्भावना र चुनौतीमाथि चिन्तनको आह्वान हुन् । प्राकृतिकरुपमा मनोरम, भौगोलिकरुपमा रणनीतिक र प्रशासनिक हिसाबले महत्वपूर्ण सहर हेटौंडा अब कस्तो विकासको बाटो रोज्ने भन्ने प्रश्न आजको प्रमुख एजेन्डा बनेको छ । केही वर्षअघिसम्म यातायात मजदुरको सहरको रुपमा परिचय बनाएको हेटौंडाको पहिचान क्रमश: बदलिएको हो । हेटौंडा देशको औद्योगिक इतिहाससँग जोडिएको सहर हो । राजधानी काठमाडौंसँग नजिक, तराई र पहाडको संगममा अवस्थित यो सहर व्यापार, यातायात र प्रशासनिक गतिविधिको केन्द्र हो । यिनै विशेषताका कारण प्रदेशप्रमुख देवकोटाले हेटौंडालाई वातावरणमैत्री र आकर्षक सहर बनाउन सबैको साझा प्रयास आवश्यक रहेकोमा जोड दिएका हुन् ।

यो भनाइले विकासको परम्परागत कंक्रिटमुखी सोचबाट बाहिर निस्केर दिगो, हरित र मानवमैत्री सहर निर्माणतर्फ संकेत गर्छ । हेटौंडा सहरीकरणको दबाबसँग जुधिरहेको छ । जनसंख्या वृद्धि, सवारीचाप, फोहोर व्यवस्थापन, नदी र वनक्षेत्रको संरक्षणजस्ता विषय सहरका गम्भीर चुनौती हुन् । यस्ता समस्याको समाधान केवल बजेट र योजना कागजमा सीमित राखेर सम्भव हुँदैन । यहाँ सबै मिलेर काम गर्नुको बिकल्प छैन । स्थानीय सरकार, प्रदेश सरकार, निजीक्षेत्र, नागरिकसमाज र आमनागरिकबीच सहकार्य अपरिहार्य छ । समृद्धि कुनै एक निकायको प्रयासबाट होइन, सामूहिक जिम्मेवारीबाट मात्र सम्भव हुन्छ । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले उठाएको विषय झन् गम्भीर र आत्ममूल्यांकनको खाँचो भएको छ । उनले पालिकालाई 'नागरिकले देख्ने र भेट्ने सरकार' का रुपमा व्याख्या गर्दै जनप्रतिनिधि आग्रह र पूर्वाग्रहमुक्त हुनुपर्ने बताएका छन् । संघीय शासन प्रणालीमा स्थानीय तह नै नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने सरकार हो । त्यसैले त्यहाँको व्यवहार, निर्णय प्रक्रिया र सेवाप्रवाहले नै संघीयताको वास्तविक अनुभूति गराउँछ । नीति र कानुन जतिसुकै राम्रो भएपनि त्यसलाई कार्यान्वयन गर्ने व्यक्ति नै उत्तरदायी नभए सुशासन सम्भव हुँदैन । आज स्थानीय तहमा विकास निर्माणका नाममा उठ्ने विवाद, अनियमितताको आरोप र जनगुनासोले यही यथार्थ उजागर गर्छ । समृद्ध हेटौंडाको कल्पना भौतिक पूर्वाधार निर्माणमै सीमित हुनुहुँदैन । सहरको समृद्धि त्यहाँका नागरिकको जीवनस्तर, वातावरणीय सन्तुलन, सामाजिक सद्भाव र सुशासनसँग जोडिएको हुन्छ ।

वातावरणमैत्री विकास भनेको हरियाली सडक, स्वच्छ हावा र पानी, व्यवस्थित फोहोर व्यवस्थापन र सार्वजनिक यातायातको प्रवर्द्धन हो । आकर्षक सहर भनेको केवल सुन्दर भवन होइन, सुरक्षित, समावेशी र अवसरयुक्त सहर हो । यसै सन्दर्भमा समृद्ध हेटौंडा बहसको महत्व झन् बढ्छ । बहसले विचार जन्माउँछ, विचारले नीति निर्माणतर्फ डोहोर्‍याउँछ र सही नीतिले व्यवहार परिवर्तन गर्छ । तर, बहस केवल मञ्चमा सीमित रहनु हुँदैन । त्यसका निष्कर्ष कार्यान्वयनमा उतारिनु आवश्यक छ । प्रदेशप्रमुख र पूर्वमुख्यमन्त्रीका सुझाव कागजी प्रतिबद्धतिमा मात्र सीमित भए हेटौंडाको उज्ज्वल भविष्यको सपना अधुरै रहन्छ । समृद्ध हेटौंडा बहसमा ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जन, पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, हेटौंडा उपमहानगरपालिका प्रमुख मीना लामा र भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले धारणा राखेका थिए । समृद्ध हेटौंडा बहसमा 'स्थानीय सरकार : जनअपेक्षा, सुशासन र आगामी कार्यदिशा', 'सिर्जनशील हेटौंडा : संघर्ष, उद्यम र उडान', 'हेटौंडाको विकास र अबको प्राथमिकता' एवम् 'सुसंस्कृत, समावेशी र आवासीय सहर' शीर्षक गरी चारवटा विषयमा बहस गरिएको थियो । बहसमा जनप्रतिनिधि, विज्ञ तथा सरोकारवालाको सहभागिता थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ २२ गते शुक्रबार ५ जुन २०२६ । पञ्चमी, जेठ कृष्णपक्ष । अनलागा ११४६ ने.सं. । सूर्योदय ५:१० सूर्यास्त ६:५५। विश्व वातावरण दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक काममा रुचि बढ्नेछ | तुला | : प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | : यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | : आत्म-विश्वास बढ्नेछ |
| मिथुन | : त्रासमय दिन हुनेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : खानपिन राम्रो हुनेछ | मकर | : पारिवारिक जमघट हुनेछ |
| सिंह | : शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कन्या | : मन पर्ने उपहार पाइने योग छ | मीन | : कामबाट फुर्सद मिल्नेछ |

# जेनजी आन्दोलन, निर्वाचन र त्यसपछिका परिदृश्य



✍ दीपक रिजाल

नेपालको राजनीति यति बेला असामान्य मोडमा उभिएको छ । भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि मुलुकको राजनीतिक शक्ति सन्तुलन मात्र फेरिएको छैन, तीन दशकभन्दा बढी समयसम्म राज्यसत्ताको केन्द्रमा रहेका पुराना राजनीतिक दलहरूको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ । कहिल्यै नहल्लिनेजस्तो देखिएको राजनीतिक संरचना अचानक किन कमजोर बन्यो ? किन लामो समयदेखि सत्ता र प्रतिपक्षको भूमिकामा आलोपालो गर्दै आएका दलहरू आज जनविश्वास गुमाउँदै छायामा पुगे ? अहिलेको राजनीतिक बहसको केन्द्र यही प्रश्न बनेको छ ।

राजनीतिक परिवर्तन कुनै एकदिनमा अचानक हुँदैन । त्यसको पृष्ठभूमि वर्षौंअघि तयार भएको हुन्छ । जनतामा जमेको असन्तुष्टि, राज्यप्रति बढ्दो निराशा, नेतृत्वप्रतिको अविश्वास र भविष्यप्रतिको अन्योलले अन्तत: विस्फोटको रूप लिन्छ । जेनजी आन्दोलन पनि त्यही विस्फोट थियो, जसले नेपाली राजनीतिलाई नयाँ मोडमा ल्याइदियो । यो आन्दोलन केवल सडक प्रदर्शन थिएन । यो तीन दशकको राजनीतिक व्यवस्थाप्रतिको सामूहिक असन्तुष्टि थियो । बेरोजगारी, भ्रष्टाचार, राजनीतिक संरक्षणवाद, अवसरको असमान वितरण, संस्थागत कमजोरी र सत्ता केन्द्रित राजनीतिले युवा पुस्तामा गहिरो वितृष्णा पैदा गरिसकेको थियो । आन्दोलनले त्यसैको अभिव्यक्ति दियो ।

त्यसपछि मुलुक अस्थिरताको चरणमा प्रवेश गर्‍यो । राजनीतिक दलहरू र राज्य संयन्त्र दुवै अन्योलमा परे । त्यही परिस्थितिमा बनेको अन्तरिम व्यवस्थाले गत फागुन २१ गते संसदीय निर्वाचन सम्पन्न गरायो । निर्वाचन सम्पन्न हुनु आफैंमा महत्वपूर्ण उपलब्धि मानियो । तर त्यसपछि शुरु भएको बहस झन् गम्भीर बनिरहेको छ । यता निर्वाचनमा नेपाली सेनाले खेलेको भूमिकालाई लिएर अहिले दुई थरी धारणा देखिएका छन् । एक पक्षले सेनाले कठिन परिस्थितिमा मुलुकलाई चुनावसम्म पुर्‍याएर स्थिरता कायम गर्न सहयोग गरेको भन्दै प्रशंसा गरिरहेको छ ।

अर्को पक्ष, विशेष गरी पुराना राजनीतिक दलसँग निकट रहेका नेता, कार्यकर्ता र केही बुद्धिजीवीहरू भने निर्वाचन प्रक्रियामाथि आशंका व्यक्त गरिरहेका छन् । जेनजी आन्दोलनपछि उत्पन्न राजनीतिक अस्थिरता, प्रशासनिक अन्योल र सडक केन्द्रित असन्तोषका बीच राज्य संयन्त्रप्रतिको जनविश्वास कमजोर बन्दै गएको थियो । त्यस्तो संवेदनशील घडीमा नेपाली सेनाले संवैधानिक मर्यादा र संस्थागत अनुशासन कायम राख्दै आफूलाई राजनीतिक प्रतिस्पर्धाभन्दा माथि राख्नु निकै महत्वपूर्ण विषय बनेको छ । यदि त्यति बेला सेना पनि अन्य संस्थाजस्तै निष्क्रिय, विभाजित वा प्रत्यक्ष शक्ति संघर्षतर्फ उन्मुख भएको भए मुलुक थप अर‍ाजकता, संस्थागत टकराव र सुरक्षा शून्यताको दिशातर्फ धकेलिन सक्थ्यो भन्ने विश्लेषण अहिले व्यापकरूपमा हुन थालेको छ ।

विशेष गरी आन्दोलनपछि सरकार, राजनीतिक दल र प्रशासनमाथि प्रश्न उठिरहेका बेला मुलुकको सुरक्षा, संवेदनशील संरचनाको संरक्षण तथा सम्भावित हिंसात्मक गतिविधि नियन्त्रणमा सेनाले निर्वाह गरेको संयमित भूमिकाले राज्य संरचना पूर्णरूपमा धराशायी हुनबाट जोगाएको धेरै सुरक्षा विश्लेषकहरूको बुझाइ छ । कतिपयले त्यस बेला सेना राजनीतिक महत्वाकांक्षामा लागेको भए नेपालमा संक्रमणकालीन अराजकता झन् गहिरिने, बाह्य शक्तिहरूको प्रभाव बढ्ने र मुलुक दीर्घकालीन अस्थिरतातर्फ जान सक्ने खतरा रहेको तर्क गर्छन् । यही कारण अहिले 'संकटको घडीमा सेना कति जिम्मेवार रह्यो ?' भन्ने प्रश्नसँगै यदि सेना पनि मौन वा असन्तुलित भएको भए अवस्था कहाँ पुग्थ्यो ? भन्ने बहस थप सशक्तरूपमा उठ्न थालेको छ ।

यद्यपि, लोकतान्त्रिक व्यवस्थामा सेनाको भूमिका संविधानले निर्धारण गरेको सीमाभित्र मात्रै रहनुपर्नेमा पनि उत्तिकै जोड दिइन्छ । संकटका बेला सेनाले स्थायित्वको अनुभूति दिलाए पनि दीर्घकालीन समाधान भने राजनीतिक दलहरूको जिम्मेवारी, सुशासन, जवाफदेहिता र जनविश्वास पुन:स्थापनामै निर्भर रहने विश्लेषकहरू बताउँछन् । त्यसैले जेनजी आन्दोलनपछिको घटनाक्रमलाई केवल सुरक्षा दृष्टिले मात्र होइन, कमजोर बन्दै गएको राजनीतिक नेतृत्व, संस्थागत क्षय र राज्यप्रतिको जनआक्रोशको समग्र संकेतका रूपमा पनि अध्ययन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

निर्वाचनका क्रममा नेपाली सेनाले खेलेको भूमिकालाई लिएर पनि विभिन्न कोणबाट टिप्पणी हुँदै आएको छ । विशेष गरी संवेदनशील मतदान केन्द्रको सुरक्षा, मतपेटिका ढुवानी, निर्वाचन सामग्रीको संरक्षण तथा सम्भावित हिंसात्मक गतिविधि नियन्त्रणमा सेनाको परिचालनलाई कतिपयले निर्वाचनको विश्वसनीयता जोगाउने महत्वपूर्ण आधारका रूपमा व्याख्या गरेका छन् । दुर्गम भूगोल, कमजोर पूर्वाधार र राजनीतिक ध्रुवीकरणबीच पनि निर्वाचन प्रक्रिया तुलनात्मकरूपमा शान्तिपूर्ण ढंगले सम्पन्न हुनुमा सेनाको उपस्थितिले मनोवैज्ञानिक स्थिरता दिएको धारणा व्यक्त हुने गरेको छ । तर, अर्कोतर्फ लोकतान्त्रिक प्रक्रियामा सुरक्षा संयन्त्रको बढ्दो प्रभावलाई लिएर आलोचना पनि हुने गरेको छ । केही राजनीतिक दल, नागरिक अगुवा तथा अधिकारकर्मीहरूले निर्वाचनमा सेना परिचालनको दायरा आवश्यकभन्दा फराकिलो भएको टिप्पणी गर्दै यसले नागरिक प्रशासन र प्रहरी संयन्त्रमाथिको विश्वास कमजोर बनाउने खतरा औंल्याएका छन् ।

यद्यपि अधिकांश सुरक्षा विज्ञहरू भने नेपालको संवेदनशील राजनीतिक परिवेश, खुला सीमा, निर्वाचन हिंसाको विगत तथा संक्रमणकालीन मनोविज्ञानलाई हेर्दा सेनाको भूमिका पूर्णरूपमा अस्वाभाविक नरहेको बताउँछन् । उनीहरूका अनुसार नेपाली सेनाले प्रत्यक्ष राजनीतिक हस्तक्षेपभन्दा पनि संवैधानिक जिम्मेवारीअन्तर्गत 'अन्तिम सुरक्षा घेरा' का रूपमा भूमिका खेलेको देखिन्छ । त्यसैले निर्वाचनमा सेनाको भूमिकालाई केवल समर्थन वा विरोधको सीमित दृष्टिकोणबाट होइन, नेपालको राजनीतिक परिपक्वता, सुरक्षा संरचना र लोकतान्त्रिक संस्थागत क्षमतासँग जोडेर हेर्नुपर्ने आवश्यकता अहिले थप महसुस हुन थालेको छ ।

के निर्वाचन निष्पक्ष थियो ? के कुनै शक्ति विशेषलाई फाइदा पुग्ने गरी राज्य संयन्त्र प्रयोग भयो ? अहिले यही प्रश्न सार्वजनिक बहसको विषय बनेको छ । विशेष गरी 'जहाँ–जहाँ नेपाली सेनाले हेलिकोप्टरमार्फत मतपत्र ढुवानी गर्‍यो, त्यहाँ पुराना दल विजयी भए' भन्ने तर्क सामाजिक सञ्जालदेखि राजनीतिक वृत्तसम्म चर्चामा छ । यसले के पुष्टि गर्दछ भने, सेनाले यसपटक सरकारले दिएको जिम्मेवारीलाई पूरा गरेको देखिन्छ । निर्वाचन परिणामलाई लिएर असन्तुष्टि हुनु लोकतान्त्रिक अभ्यासको हिस्सा हुन सक्छ, तर ठोस प्रमाणविना सुरक्षा संस्थामाथि आशंका गर्नु अर्को संवेदनशील विषय हो ।

सैनिक नेतृत्वले पनि यस्ता टिप्पणीप्रति असन्तुष्टि जनाएको बुझिन्छ । उनीहरूको तर्क छ– यो निर्वाचन नेपालकै इतिहासमा तुलनात्मकरूपमा सबैभन्दा कम हिंसात्मक र भयमुक्त वातावरणमा सम्पन्न भएको थियो । विकट हिमाली जिल्लादेखि संवेदनशील शहरी क्षेत्रसम्म सुरक्षाकर्मी परिचालन, मतपत्र ढुवानी, मतदान केन्द्र सुरक्षा तथा आकस्मिक व्यवस्थापनमा सुरक्षा निकायले समन्वयात्मक भूमिका खेलेको देखिएको थियो ।

वास्तवमा हेर्ने हो भने अहिलेको बहसको केन्द्र केवल निर्वाचन होइन, पुराना राजनीतिक दलहरूको विश्वसनीयता हो । यदि जनताले लामो समयदेखि ती दलमाथि भरोसा कायम राखेका भए, एउटा आन्दोलनले यति ठूलो राजनीतिक धक्का दिन सक्दैनथ्यो । तीन दशकको शासनकालमा राजनीतिक दलहरूले लोकतन्त्रलाई संस्थागत गर्नुको सट्टा सत्तालाई केन्द्रित गरे भन्ने आरोप जनस्तरमा व्यापक छ । शासन परिवर्तन भए पनि राजनीतिक संस्कार परिवर्तन हुन सकेन । भ्रष्टाचारका प्रकरण दोहोरिए, अवसर सीमित घेराभित्र केन्द्रित भए, युवाहरू विदेशिन बाध्य भए र राज्यका संस्थाहरू राजनीतिक प्रभावबाट मुक्त हुन सकेनन् ।

त्यसैले अहिलेको अवस्था कुनै एक निर्वाचनको परिणाम मात्र होइन, विगतका निर्णय र व्यवहारको प्रतिफल पनि हो । तर अर्को गम्भीर प्रश्न अहिले समाजमा उठिरहेको छ । जेनजी आन्दोलनका क्रममा सरकारी सम्पत्तिमाथि आगजनी गर्ने, नेता तथा दलका कार्यालयमा आक्रमण गर्ने र हिंसात्मक गतिविधिमा संलग्न भएका समूह अहिले पनि खुलेआम घुमिरहेका छन् । राज्यलाई उनीहरू को हुन् भन्ने जानकारी छैन भन्ने अवस्था पनि छैन । तर उनीहरूमाथि निर्णायक कारबाही किन हुन सकेको छैन ? दुई तिहाइनजिकको समर्थन प्राप्त सरकार किन यस विषयमा मौन देखिन्छ ? राज्य किन अझै निर्णायक हुन सकेको छैन ? अहिले आम नागरिकले यही प्रश्न गरिरहेका छन् । यसले नेपाली समाजमा एउटा पुरानो उखान फेरि सम्झाइरहेको छ– 'बूढी मरी भन्दा पनि काल पल्कियो ।' अर्थात् समस्या समाधान भएको जस्तो देखिए पनि त्यसको मूल कारण अझै जीवित छ ।

यदि आन्दोलनको ऊर्जा, असन्तुष्टि र संगठित आक्रोशको कारण पहिचान गरिएन भने भोलि फेरि अर्को विस्फोट नहोला भन्न सकिँदैन । अहिले सडक शान्त देखिए पनि समाजभित्र असन्तुष्टि पूर्णरूपमा मरेको छैन । युवापुस्तामा प्रणालीप्रतिको अविश्वास अझै कायम छ । राज्यले यहीँ गम्भीर समीक्षा गर्नुपर्ने देखिन्छ । केवल आन्दोलन नियन्त्रण गरेर समस्या समाधान हुँदैन । जनताको आक्रोश किन पैदा भयो ? किन पुराना दलप्रति वितृष्णा बढ्यो ? किन नयाँ पुस्ताले स्थापित नेतृत्वलाई अस्वीकार गर्न थाल्यो ? यी प्रश्नको उत्तर खोज्नु अहिलेको आवश्यकता हो ।

लोकतन्त्रमा निर्वाचनमा हार-जित सामान्य प्रक्रिया हो तर पराजयपछि आत्मसमीक्षा गर्नुको सट्टा अरूमाथि दोषारोपण गर्ने प्रवृत्तिले राजनीतिक दलहरूलाई झन् कमजोर बनाउँछ । अहिले पुराना दलहरू त्यही गल्ती दोहोर्‍याइरहेका छन् भन्ने आलोचना बढ्दै गएको छ । यदि निर्वाचनमा अनियमितता भएको हो भने त्यसबारे तथ्यसहित बोल्नुपर्छ । राज्यका निकायमाथि प्रश्न उठाउने हो भने प्रमाणसहित बहस गर्नुपर्छ । अन्यथा जनताले त्यसलाई राजनीतिक बहानाका रूपमा बुझ्न सक्छन् । अर्कोतर्फ सुरक्षा संस्थाहरू पनि आलोचनाभन्दा माथि छैनन् । लोकतन्त्रमा सेना, प्रहरी वा कुनै पनि राज्य संस्था जनविश्वासबाटै बलियो हुने हो । त्यसैले पारदर्शिता, जवाफदेहिता र सार्वजनिक विश्वास कायम राख्नु उनीहरूको पनि जिम्मेवारी हो ।

नेपाल अहिले संक्रमणको अर्को चरणमा छ । पुरानो राजनीतिक संरचना कमजोर हुँदै छ, तर नयाँ विकल्प अझै पूर्णरूपमा स्थापित भइसकेको छैन । यसबीचको रिक्तताले अस्थिरताको खतरा बढाइरहेको छ । यस्तो अवस्थामा सबैभन्दा आवश्यक कुरा प्रतिशोध होइन, आत्मसमीक्षा हो । पुराना दलहरूले आफ्नो विगतलाई इमानदारीपूर्वक हेर्न सक्नुपर्छ । राज्यले असन्तुष्टिको कारण बुझ्नुपर्छ । सुरक्षा निकायले आफ्नो जनविश्वास कायम राख्नुपर्छ ।

नयाँ शक्ति भनिने समूहहरूले सत्ता सम्हालेपछिको परिदृश्य सकारात्मक देखिँदैन । सरकारले गर्नुपर्ने थियो, सरकार के गर्दै छ । अहिले सरकारले जिम्मेवार विकल्प प्रस्तुत गर्नुपर्छ । किनभने आन्दोलनले व्यवस्था बदल्न सक्छ तर मुलुक बनाउन स्थिर सोच, जवाफदेही राजनीति र विश्वसनीय नेतृत्व आवश्यक पर्छ । नेपाल अहिले त्यही खोजीको चरणमा छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# डोजर आतंक र भावनात्मक नाराले गाँठो परेको सुकुमवासी समस्या

✍ डा. वसन्त न्यौपाने

कुनै पनि समाजको परिपक्वता उसले कमजोर नागरिकप्रति कति सहानुभूति राख्छ भन्ने कुराले मात्र मापन हुँदैनह उसले न्याय, कानून र साझा सार्वजनिक हितलाई कसरी सन्तुलित गर्छ भन्ने कुराले पनि निर्धारण गर्छ । काठमाडौंका नदी किनारमा रहेका सुकुमवासी बस्तीबारे अहिले भावनात्मक बहस तीव्र बनेको छ । धेरै लेख, टिप्पणी र भाष्यहरूले सुकुमवासीलाई केवल पीडित समुदायका रूपमा प्रस्तुत गरिरहेका छन् । उनीहरूको गरिबी, विस्थापन र सैर्षको कथा वास्तविक हो, त्यसलाई अस्वीकार गर्न मिल्दैन । तर, प्रश्न यति मात्र होइन । प्रश्न यो पनि हो– के राज्यले सार्वजनिक सम्पत्ति, वातावरणीय सुरक्षा, नदी प्रणाली, शहरी योजना र कानूनी शासनलाई पूर्ण रूपमा बेवास्ता गरेर मात्र समस्याको समाधान गर्न सक्छ ?

कहिलेकाहीं मानिसहरूको बुझाइ र यथार्थ बीच ठूलो अन्तर हुन्छ । भावनाले मात्रै निर्माण गरेको भाष्यले यथार्थलाई एकतर्फी बनाउन सक्छ । आज सुकुमवासी समस्यामा त्यही भइरहेको देखिन्छ । एउटा पक्षले केवल डोजर देखिरहेको छ, तर अर्को पक्षले दशकौंदेखि भइरहेको अनियन्त्रित अतिक्रमण, नदी प्रदूषण, बाढी जोखिम, राजनीतिक संरक्षण र शहरी अराजकतालाई पनि देख्न आवश्यक छ । सर्वप्रथम एउटा कुरा स्पष्ट हुनुपर्छ– गरिब हुनु अपराध होइन । तर गरिबीको नाममा कुनै पनि सार्वजनिक क्षेत्र स्थायी रूपमा कब्जा गर्ने अधिकार पनि स्वत: प्राप्त हुँदैन । यदि राज्यले कानूनलाई पूर्ण रूपमा निष्क्रिय बनायो भने त्यसको असर अन्तत: सबैभन्दा धेरै कमजोर नागरिकमाथि नै पर्छ । नदी किनारका बस्तीहरू केवल आवासीय समस्या होइनन्ह ती काठमाडौंको वातावरणीय सङ्कट, जलप्रवाह अवरोध, फोहोर व्यवस्थापन, बाढी जोखिम र अव्यवस्थित शहरीकरणसँग गहिरो रूपमा जोडिएका विषय हुन् ।

काठमाडौं उपत्यकाका नदीहरू कुनै समय सभ्यताको आधार थिए । आज तिनको अवस्था हेर्दा हामीले विकासको नाममा प्रकृतिमाथि कति हिंसा गरेका छौं भन्ने स्पष्ट हुन्छ । नदी साँघुरो बनाइयो, ढल मिसाइयो, किनार अतिक्रमण गरियो । वर्षायाममा सामान्य वर्षा समेत जोखिमपूर्ण बन्नुको एउटा कारण यही अव्यवस्थित बसोबास पनि हो । जब नदीको प्राकृतिक बहाव रोकिंदै जान्छ, त्यसको मूल्य सम्पूर्ण शहरले चुकाउँछ ।

काठमाडौंका नदीहरू पानी बग्ने माध्यम मात्र होइनन्, ती शहरको वातावरणीय सुरक्षा प्रणाली, भू-जल पुनर्भरणको आधार, जैविक विविधताको स्रोत र विपद् व्यवस्थापनको प्राकृतिक संरचना पनि हुन् । जब नदी किनार अव्यवस्थित रूपमा अतिक्रमण गरिन्छ, त्यसले सार्वजनिक जग्गाको प्रश्न मात्र उठाउँदैन, सम्पूर्ण शहरको दीर्घकालीन सुरक्षामाथि असर पार्छ । कुनै पनि आधुनिक शहरमा नदी क्षेत्रलाई 'नो बिल्ड जोन' का रूपमा संरक्षण गरिन्छ । भारत, चीन, दक्षिण कोरिया, सिङ्गापुर वा युरोपका शहरहरूले पनि नदी पुनर्जीवनका लागि अतिक्रमण हटाएका उदाहरण प्रशस्त छन् । काठमाडौंमा मात्रै यस्तो बहस हुनुको कारण यहाँ समस्या वर्षौंसम्म राजनीतिक लाभका लागि जानीजानी थाती राखिनु हो ।

उदाहरणका लागि, दक्षिण कोरियाको सियोलमा रहेको चेओङ्ग्येचोन नदी कुनै समय अत्यधिक प्रदूषित र अतिक्रमित क्षेत्रमा परिणत भएको थियो । सरकारले दीर्घकालीन योजना बनाएर त्यहाँ रहेका अव्यवस्थित संरचना हटायो, वैकल्पिक व्यवस्थापन गर्‍यो र नदीलाई पुनर्जीवित बनायो । आज त्यो क्षेत्र सियोलको पर्यावरणीय र आर्थिक पुनर्जागरणको प्रतीक बनेको छ । भारतको अहमदाबादमा 'साबरमती रिभरफ्रन्ट' परियोजनाअन्तर्गत हजारौं परिवारलाई व्यवस्थापन गर्दै नदी क्षेत्र पुनर्संरचना गरियो । त्यहाँ आलोचना पनि भए, तर शहरले बाढी नियन्त्रण, सार्वजनिक खुला क्षेत्र र व्यवस्थित शहरी पूर्वाधार प्राप्त गर्‍यो । सिङ्गापुरले त दशकौंअघि नै नदी प्रदूषण नियन्त्रण र किनार व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकता बनाएको थियो ।

नेपालले पनि यहाँ भावनात्मक बहसभन्दा व्यावहारिक समाधान खोज्नुपर्छ । समाधानको पहिलो आधार वैज्ञानिक वर्गीकरण हो । वास्तविक भूमिहीन, विपद्पीडित, दीर्घकालीन बसोबासी र अवसरवादी अतिक्रमणकारीलाई एउटै समूहमा राखेर हेर्न मिल्दैन । नदी संरक्षणलाई कानूनी रूपमा कडाइका साथ लागू गर्नुपर्छ, ताकि भविष्यमा फेरि अतिक्रमण दोहोरिन नपाओस् । यदि आज पनि राजनीतिक स्वार्थका कारण समस्या थाती राखियो भने भोलिको काठमाडौं अझ असुरक्षित, प्रदूषित र विपद् जोखिमयुक्त शहर बन्नेछ ।

वास्तविक समस्या के हो भने, नेपालमा सुकुमवासी मुद्दा समाधानभन्दा बढी राजनीति गर्ने साधन बनाइयो । चुनाव आउँदा लालपुर्जाको सपना बाँडियो, आन्दोलनका बेला सहानुभूति देखाइयो, तर दीर्घकालीन नीति कहिल्यै बनाइएन । फलस्वरूप वास्तविक भूमिहीन र अवसरवादी अतिक्रमणकारी एउटै भीडभित्र मिसिए । यही कारण आज समस्या झन् जटिल बनेको छ । हामीले एउटा कठिन तर आवश्यक प्रश्न सोध्नुपर्छ– के सबै नदी किनारमा बस्ने मानिस वास्तविक भूमिहीन नै छन् ? तथ्यहरूले देखाउँछन् कि धेरै स्थानमा दोहोरो स्वामित्व भएका, राजनीतिक पहुँच प्रयोग गर्ने, सार्वजनिक जग्गा कब्जा गरेर पछि वैधानिकता खोज्ने समूहहरू पनि छन् । यदि राज्यले कुनै स्पष्ट मापदण्ड विना सबै अतिक्रमणलाई वैध बनायो भने त्यसले भविष्यमा झन् ठूलो अराजकता निम्त्याउँछ । भोलि फेरि अर्को सार्वजनिक क्षेत्र कब्जा गरिन्छ र त्यसलाई पनि गरिबीको नाममा वैधता दिन दबाब सिर्जना हुन्छ ।

मानवताका नाममा कानूनलाई निष्क्रिय बनाउनु दीर्घकालीन समाधान होइन । राज्यको पहिलो दायित्व नागरिकप्रति हुन्छ, तर त्यो दायित्व सम्पूर्ण नागरिकप्रति समान हुन्छ । एउटा वर्गलाई संरक्षण गर्दा अर्को वर्गको सुरक्षा, वातावरणीय अधिकार र सार्वजनिक स्रोतको हित नष्ट गर्न पाइँदैन । नदी किनार अतिक्रमणका कारण हुने बाढी, प्रदूषण र अव्यवस्थित विस्तारको असर लाखौं काठमाडौंवासीले भोगिरहेका छन् ।

यसको अर्थ राज्यले अमानवीय व्यवहार गर्न पाउँछ भन्ने होइन । समस्या यहींनेर छ, बहसलाई 'डोजर आतङ्क' मा सीमित गरियो । जबकि वास्तविक समाधान 'कानूनी शासन + मानवीय पुनर्स्थापना' को सन्तुलनमा छ । राज्यले यदि पुनर्स्थापनाको पर्याप्त विकल्प नदिई जबर्जस्ती उठीबास गर्छ भने त्यो गलत हो । तर यसको उल्टो, राज्यले सार्वजनिक जग्गामाथिको अनन्त अतिक्रमणलाई स्वीकार गरिरहनु पनि गलत हो ।

आज काठमाडौंले अर्को ठूलो प्रश्न सामना गरिरहेको छ– यो राजधानी शहर कसका लागि हो ? यदि शहरमा केवल बसोबासको अधिकारको कुरा गर्ने हो भने योजनाबद्ध शहरी विकास कहिल्यै सम्भव हुँदैन । सडक, नदी, पार्क, खुला क्षेत्र, सार्वजनिक संरचना र वातावरणीय सुरक्षालाई पनि समान महत्त्व दिनुपर्छ । संसारका कुनै पनि व्यवस्थित शहरले नदी किनारमा अनियन्त्रित बस्तीलाई दीर्घकालीन समाधानका रूपमा स्वीकार गरेका छैनन् । केही भाष्यहरूले सुकुमवासी बस्तीलाई पूर्ण रूपमा राज्यको असफलताको परिणाम मात्र देखाउन खोज्छन् । राज्यको असफलता नि:सन्देह ठूलो कारण हो, तर व्यक्तिगत र सामूहिक जिम्मेवारीको प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण छ । यदि हरेक नागरिकले सार्वजनिक सम्पत्तिलाई आफ्नो स्वार्थ अनुसार प्रयोग गर्न थाल्यो भने समाजमा कानूनी शासनको आधार कमजोर हुन्छ । नेपालले यहाँ अर्को वास्तविकता पनि बुझ्नुपर्छ– काठमाडौंको भौगोलिक क्षमता सीमित छ । जनसंख्या, सवारी, प्रदूषण, फोहोर, पानी र पूर्वाधारको चाप अत्यधिक बढिसकेको छ । यस्तो अवस्थामा अव्यवस्थित बसोबासलाई निरन्तर विस्तार हुन दिनु भनेको शहरलाई भविष्यमा अझ ठूलो सङ्कटतर्फ धकेल्नु हो ।

क्रमश: पृष्ठ-३.....

# ग्लोबल क्वालिफायर' नेपाललाई टी-२० विश्वकपसम्म पुग्न कति चुनौतीपूर्ण ?

काठमाडौं/सन् २०१४ मा पहिलोपटक आईसीसी टी-२० विश्वकप खेलेको नेपाललाई दोस्रोपटक विश्वकप खेल्न १० वर्ष लाग्यो । पहिलोपटक ग्लोबल छनोट पार गर्दै नेपाल सन् २०१४ को विश्वकपमा छनोट भएको थियो । त्यसपछि छनोट हुन नेपाललाई ग्लोबल छनोट बाधक बन्दैगयो । ग्लोबल छनोटमा नेपाल पटकपटक असफल हुन पुग्यो ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले सन् २०२४ को विश्वकपका लागि ग्लोबल छनोटको प्रावधान हटायो । एसिया, अफ्रिका र युरोपका २-२ तथा अमेरिका र इष्ट एशिया प्यासिफिकको क्षेत्रीय छनोटबाट १-१ टिमले टी-२० विश्वकपमा स्थान बनाउने व्यवस्था आईसीसीले गर्यो । जसको फाइदा नेपालले उठायो ।



पहिलोपटक ग्लोबल छनोट पार गरेर विश्वकप खेलेको नेपाललाई दोस्रो पटक विश्वकप खेल्न ग्लोबल छनोटको प्रावधान हट्नुपर्यो । नेपालले पहिलोपटक सन् २०११/१२ मा ग्लोबल छनोट खेलेको थियो । जसमा नेपाल ग्रुप 'ए' को पाँचौं स्थानमा रहँदा विश्वकपमा छनोट हुन असफल भएको थियो ।

दोस्रोपटकमा ग्लोबल छनोट पार गर्दै २०१४ को विश्वकप खेलेको नेपाल २०१५ मा भएको छनोटमा ग्रुप 'ए'को अंकतालिकाको पुछारमा रहँदै विश्वकप खेल्नबाट वञ्चित भएको थियो ।

सन् २०२१ मा भएको ग्लोबल क्वालिफायरमा यूएईसँग पराजित हुँदा नेपालले विश्वकप खेल्नबाट फेरि वञ्चित हुनपुग्यो । सन् २०१९ मा त नेपाल क्वालिफायरमै पुग्न सकेको थिएन । त्यो बेला सिंगापुरसँग पराजित हुँदा नेपाल विश्वकपको एसिया क्षेत्र छनोटमै रोकिएको थियो ।

सन् २०२४ मा आईसीसीले ल्याएको नयाँ प्रावधानले मात्रै नेपाललाई विश्वकप खेल्न राहत मिलेको थियो । एसिया क्षेत्रबाट शीर्ष दुई टोली विश्वकप छनोट हुने प्रावधान भएसँगै नेपालले १० वर्षपछि टी-२० विश्वकपमा पाइला टेक्न सफल भयो । त्यसबेला घरेलु मैदानमा भएको छनोटमा यूएईलाई स्तब्ध बनाएर नेपाल एक दशकपछि विश्वकपमा छनोट भएको हो ।

सन् २०२६ को टी-२० विश्वकप छनोट झनै सहज बन्यो । एसिया र इस्ट एसिया-प्यासिफिक क्षेत्रलाई गाभेर संयुक्त रूपमा छनोट प्रतियोगिता गर्दै शीर्ष ३ देश विश्वकपमा सहभागी हुने प्रावधान आईसीसीले ल्यायो । जसमा नेपाल शीर्ष स्थानमा रहँदै लगातार दोस्रोपटक र समग्रमा तेस्रोपटक विश्वकपमा छनोट भयो ।

तर, आईसीसीको बोर्ड बैठकबाट टी-२० विश्वकपका लागि ग्लोबल क्वालिफायर आयोजना गर्ने प्रस्ताव स्वीकृत गरेको छ । जसले नेपाललाई टी-२० विश्वकपको आउँदो संस्करणमा छनोट हुन चुनौती थपिने देखिन्छ । कुन विश्वकपबाट लागु हुने भन्नेबारे एकिन निर्णय गरिसकेको छैन ।

लागु भएमा नेपालले टी-२० विश्वकप छनोट हुन एसिया क्षेत्र छनोटसँगै ग्लोबल छनोट पनि पार गर्नुपर्नेछ । एसिया, अफ्रिका, युरोप र अमेरिकासहितका क्षेत्रका शीर्ष टोलीहरू ग्लोबल छनोट खेल्नेछन् । ग्लोबल छनोटमा कति टोली सहभागी हुने र कति टोली विश्वकपमा छनोट हुने भन्नेबारे आईसीसीले अहिले नै निर्णय गरि सकेको छैन । आईसीसी व्यवस्थापनलाई १६ टोली सहभागी हुने ग्लोबल क्वालिफायरको प्रतियोगिता संरचना र छनोट प्रक्रिया अन्तिम रूप दिन निर्देशन दिइएको छ ।

ग्लोबल छनोट लागु हुँदा क्षेत्रीय छनोटबाट आउने टोलीहरूले ग्लोबल छनोटमा प्रतिस्पर्धा गर्नुपर्नेछ । ग्लोबल छनोट खेलेपछि मात्रै विश्वकपमा छनोट हुनेछन् । राष्ट्रिय टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल ग्लोबल छनोट हुँदा अहिलेजस्तो सहज नहुने बताउँछन् ।

'ग्लोबलमा गएपछि चुनौती भइहाल्छ । आ-आफ्नो क्षेत्रबाट बलियो टिमहरू आएर खेलिराखेको हुन्छन् । त्यसले गर्दा पक्कै पनि अहिलेजस्तो सहज हिसाबले त हुँदैन,' उनी भन्छन् ।

ग्लोबल छनोटबाट विश्वकप खेल्ने टोलीको संख्याले पनि निर्भर हुने मल्लको बुझाइ छ । उनी भन्छन्, 'ग्लोबल छनोट खेल्दा राम्रै पनि हो । एसोसिएटमा उत्कृष्ट टिम हो भनेपछि खासै डराउनुपर्ने त होइन । तर, सहज चाहिँ छैन ।'

सन् २०२४ को विश्वकप छनोटका लागि ग्लोबल छनोट नहुँदा नेपाललाई छनोट खेल्नेमध्ये एसियाका बलियो मानिएका ओमन र यूएईमध्ये एक देशलाई हराउँदा विश्वकपको ढोका खुल्थ्यो । नेपालले यूएईलाई हराउँदै विश्वकपमा पुगेको थियो । सन् २०२६ मा एसिया क्षेत्रबाट ३ देश छनोट हुने व्यवस्था हुँदा नेपालसहित ओमन र यूएईले सहजै विश्वकपमा स्थान बनाएका थिए । तर, ग्लोबल क्वालिफायर हुँदा नेपालले ओमन र यूएईसँग उत्कृष्ट एसोसिएट राष्ट्रहरूसँग पनि प्रतिष्पर्धा गर्नुपर्नेछ ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी दीपेन्द्र चौधरी नेपाल ग्लोबल छनोट पार गर्न सक्षम रहेको बताउँछन् । 'चुनौती अलि थपिन्छ । पछिल्लोपटक युरोपियन टिम जस्तो कि स्कटल्यान्ड छनोट भएको थिएन । उनीहरू आउनसक्छन् । तर, हाम्रो टिम ग्लोबल क्वालिफायर पार गर्न सक्षम छ,' उनी भन्छन् ।

ग्लोबल क्वालिफायर ब्युँतिदा नेपाललाइ थप च्यालेन्जिङ हुने चौधरीको अनुभव छ । 'पछिल्लो पटक जापान, सामोआसँग खेलेका थियौं । त्यो सजिलो प्रतिस्पर्धी थिए । तर, यसमा सबै राम्रो प्रतिस्पर्धीहरू आउँछन् । एसियाबाट पनि छानेर जान्छन् । युरोपबाट आउँछ । अरू क्षेत्रबाट आउँछन्,' उनी भन्छन्, 'त्यो हिसाबले गर्दा च्यालेन्जिङ हुनसक्छ ।'

(स्रोत: अनलाइनखबर)

# मकवानपुरमा लागूऔषधविरुद्धको ३ महिने अभियान सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ मकवानपुर जिल्लामा लागूऔषध तथा दुर्व्यसन नियन्त्रणका लागि सञ्चालन गरिएको ३ महिने जिल्लास्तरीय सचेतनामूलक अभियान सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा सञ्चालित अभियान मंगलबार युवा बहस तथा सचेतना कार्यक्रमसँगै समापन गरिएको हो ।

पछिल्लो समय युवा वर्गमा बढ्दो लागूऔषध प्रयोग तथा दुर्व्यसनको समस्यालाई न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालन गरिएको अभियानअन्तर्गत जिल्लाका १० वटै स्थानीय तहमा विद्यालय तथा क्याम्पस केन्द्रित सचेतना कार्यक्रम, पालिकास्तरीय समन्वय बैठक, सार्वजनिक स्थानमा सन्देशमूलक पर्चा वितरण, होर्डिङ बोर्ड स्थापना तथा धूम्रपान निषेधसम्बन्धी जनचेतनामूलक गतिविधि सञ्चालन गरिएका थिए । अभियानमार्फत् विभिन्न विद्यालय तथा क्याम्पसमा सञ्चालन गरिएका कार्यक्रमबाट ८४९ जना विद्यार्थी प्रत्यक्ष लाभान्वित भएका छन् ।

युवा बहस तथा सचेतना कार्यक्रममार्फत् थप ५०० जना युवाको सहभागिता थियो । यससँगै कुल १ हजार ३ सय ४९ जना विद्यार्थी तथा युवा प्रत्यक्षरुपमा लाभान्वित भएको आयोजकले जनाएको छ । अभियानका क्रममा जिल्लाभर करिब १० हजार सन्देशमूलक पर्चा वितरण गरिएको थियो । साथै मकवानपुरका १७० वटा सरकारी कार्यालय, विद्यालय तथा सार्वजनिकस्थलमा धूम्रपान निषेध क्षेत्र बोर्ड स्थापना गरिएको छ । लागूऔषधविरुद्ध जनचेतना अभिवृद्धिका लागि सबै स्थानीय तहमा सन्देशमूलक होर्डिङ बोर्डसमेत राखिएको थियो ।

स्थानीय तहका प्रतिनिधि, पत्रकार, संघसंस्था, विद्यार्थी तथा विभिन्न सरोकारवाला निकायका करिब ५०० जनाको सहभागिता रहेको कार्यक्रममा अभियानको प्रगति प्रतिवेदन सार्वजनिक गर्नुका साथै वृत्तचित्र प्रदर्शन, उत्प्रेरणामूलक सत्र, सांगीतिक प्रस्तुति तथा सुझाव संकलन कार्यक्रम गरिएको थियो । नेपाल लागूऔषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार देशभर १ लाख ३० हजार ४२४ जना लागूऔषध प्रयोगकर्ता रहेका छन् भने बागमती प्रदेशमा मात्रै ४६ हजार ४८० प्रयोगकर्ता रहेको तथ्यांक प्रस्तुत गरिएको थियो । तीमध्ये करिब ८० प्रतिशत १८ देखि ३५ वर्ष उमेर समूहका युवा रहेको उल्लेख गरिएको छ ।

सिआन पुनर्स्थापना केन्द्रका अध्यक्ष मन क्षेत्रीको सभाध्यक्षता तथा मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मानवअधिकार आयोग बागमती प्रदेश कार्यालयका निमित्त प्रमुख चन्द्रकान्ता चापागाईं, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख श्यामबहादुर खत्री, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रदीप ज्ञवाली, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, गैसस महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटालगायतको उपस्थिति थियो । अभियानमा सहयोग पुऱ्याउने स्थानीय तह, विद्यालय, सञ्चारमाध्यम तथा विभिन्न संघसंस्थालाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

सुकुमवासी झुक्याउँदै सरकार :

# ६० दिनमा सुकुमवासी प्रमाणीकरणको आश्वासन, ६७ दिनपछि भूमि समिति

काठमाडौं/सरकारले बलभद्र बास्कोटाको अध्यक्षतामा भूमि समस्या समाधान समिति गठन गरेको छ। मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले कास्कीका बास्कोटाको अध्यक्षतामा डा. रोहना श्रेष्ठ, पद्मिनी सोती र अमिरप्रसाद न्यौपाने सदस्य रहेको समिति गठन गरेको हो। अध्यादेशमार्फत भूमि समस्या समाधान आयोग खारेज गरेको सरकारले अहिले भूमि समिति गठन गरेको हो। भूमिहीन दलित र भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि आयोग गठन गर्न सकिने प्रावधान संशोधन गरेर सरकारले समिति वा कार्यदल गठन गर्न सकिने प्रावधान राखेको थियो।




त्यसैलाई टेकेर मन्त्रिपरिषद् बैठकले समिति गठन गर्ने निर्णय गरेको हो। विगतका सरकारले गठन गरेका आयोगका केन्द्रीय र जिल्ला पदाधिकारी हटाउन समिति बनाउन लागिएको राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरू बताउँछन्। २०८१ कात्तिकमा गठन भएको आयोगका पदाधिकारीलाई अन्तरिम सरकारले हटाउने निर्णय गरेको थियो, तर उनीहरू अदालत गुहारेर पुनर्बहाली भए।

त्यसपछि सरकारले आयोग होइन, समिति गठनको बाटो रोज्यो। तर समिति धेरै ढिलो गठन भएको सरोकारवालाहरू बताउँछन्। हुन पनि सरकारले १३ चैतमै ६० दिनभित्र देशभरिका भूमिहीनहरूको लगत सङ्कलन मात्र होइन, प्रमाणीकरण समेत गरिसक्ने प्रतिबद्धता जनाएको थियो। शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा भनिएको छ, 'भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासी समस्या १००० दिनभित्र समाधान गर्न स्थानीय तहको समन्वयमा घरपरिवार सर्वेक्षण सञ्चालन गर्ने, वास्तविक लाभग्राही पहिचानका लागि स्पष्ट मापदण्ड (कट अफ मिति, आयस्तर, अन्य सम्पत्ति स्वामित्व) लागु गर्ने, सार्वजनिक, ऐलानी तथा गुठी जग्गाको अभिलेख अद्यावधिक, नक्साङ्कन तथा जीआईएस आधारित डिजिटल डाटाबेस तयार गर्ने, पहिचान भएका वास्तविक सुकुम्वासीलाई चरणबद्ध रूपमा जग्गा उपलब्ध गराउने वा घना सहरी क्षेत्रमा वैकल्पिक रूपमा एकीकृत आवासमार्फत पुनर्वासको व्यवस्था मिलाउने।'

तर, ६७ दिनमा आएर बल्ल समिति गठन गऱ्यो। 'एउटा समिति बनाउन ६७ दिन लगाएको सरकारले भूमि समस्या समाधान गर्छ भनेर पत्याउने कुनै पनि आधार छैन,' संयुक्त राष्ट्रिय सुकुमवासी मोर्चाका अध्यक्ष कुमार कार्की भन्छन्, 'सरकारको यो प्रतिबद्धता भूमिहीन सुकुमवासीका लागि पहिलो गाँसमै ढुङ्गा भनेजस्तो भयो।'

दुईतिहाइनजिक मत पाएको सरकारप्रतिको आशा निराशामा परिणत हुँदै गएको भूमिहीनहरू बताउँछन्। सरकारले आफ्नै प्रतिबद्धताविपरीत सुकुमवासी पहिचान नै नगरी डोजर लगायो। सरकारले जबर्जस्ती विस्थापन गरेकाहरू अहिले अलपत्र अवस्थामा रहेको अध्यक्ष कार्की बताउँछन्।

सरकारको नीति तथा कार्यक्रममा भनिएको छ, 'भूमिको स्वामित्व र उपयोगबिच सन्तुलन कायम हुने गरी असुरक्षित स्थानमा बसोवास गर्ने भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोवासीको समस्या दीर्घकालीन समाधानका लागि सुरक्षित र उचित बसोवासको व्यवस्थापन गरिनेछ।'

तर, सरकारी प्रतिबद्धता प्रति उनीहरूलाई रत्तिभर विश्वास छैन। अर्थमन्त्रीद्वारा संसद्मा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा एक वर्षभित्र सुकुमवासी समस्या समाधान गर्न भनिएको छ।

जेठ १५ मा आएको बजेट वक्तव्यमा भनिएको छ, 'भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने कार्य आगामी आर्थिक वर्षभित्रै गर्ने व्यवस्था मिलाउनेछौं।'

यसअघि १००० दिनभित्र समाधान गर्छु भनेको समस्या ३६५ दिनमै गर्छु भन्नु सकारात्मक कुरा हो। 'तर हामीलाई यस्तो झुटो आश्वासनमा विश्वास लाग्नै छाड्यो। ६० दिनभित्र लगत सङ्कलन र प्रमाणीकरण गर्छु भनेर समिति बनाउनै ६७ दिन लगाएबाटै प्रमाणित भयो कि सरकारले बोलेको गर्दो रहेनछ,' अध्यक्ष कार्की भन्छन्।

'सरकारले सुकुमवासीको आन्दोलन थेग्न नसक्ने देखेर एक वर्षभित्रै सम्पन्न गर्छु भन्ने आश्वासन ल्याएको हो। यो कार्यान्वयन गर्नलाई भनेकै होइन,' कार्कीको दाबी छ।

सरकारले खारेज गरेको भूमि आयोगको आँकडाअनुसार देशभर १२ लाख ३३ हजार १०६ भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी छन्। नयाँ भूमि समितिले आयोगले सङ्कलन गरेको तथ्याङ्कलाई मान्यता दिने वा नदिने भन्ने स्पष्ट भइसकेको छैन। नमान्ने हो भने उसले शून्यदेखिकै काम गर्नुपर्ने देखिन्छ।

'आयोगले सङ्कलन गरेको तथ्याङ्कलाई मान्यता दिने हो भने समितिलाई काम गर्न सजिलो होला। तर सरकारसँग अहिले न व्यवस्थापनको खाका छ, न त स्पष्ट नीति नै,' कार्की भन्छन्। सर्वोच्च अदालतको आदेशका बाबजुद देशभर डोजर रोकिएका छैनन्। सत्तारुढ रास्वपा स्वयम्ले 'असुरक्षित रूपमा बसोबास गर्दै आएका बाहेकका हकमा प्राधिकरण गठन गरेर त्यसको प्रतिवेदनपूर्व कुनै पनि कारबाही अगाडि बढाउन नहुने' निर्णय गरेको थियो। तर व्यवहारमा त्यो लागु भएन। (स्रोत: अनलाइनखबर)

# डोजर आतंक रभावनात्मक...

यसकारण समाधान भावनात्मक नारा होइन, स्पष्ट नीति हुनुपर्छ । पहिलो चरणमा वास्तविक भूमिहीनको वैज्ञानिक पहिचान आवश्यक छ । राष्ट्रिय परिचयपत्र, भूमि अभिलेख, स्थानीय तह र डिजिटल म्यापिङलाई एकीकृत गरेर स्पष्ट वर्गीकरण गर्नुपर्छ । जो वास्तविक भूमिहीन छन्, उनीहरूलाई सम्मानजनक पुनर्स्थापनाको अधिकार सुनिश्चित गरिनुपर्छ । तर जो व्यक्तिहरूले सार्वजनिक सम्पत्ति कब्जा गरेर राजनीतिक दबाब मार्फत वैधता खोजिरहेका छन्, उनीहरूलाई कानून अनुसार व्यवस्थापन गर्नुपर्छ ।

दोस्रो कुरा, पुनर्स्थापना शहरको आवश्यकता र आर्थिक यथार्थसँग जोडिनुपर्छ । श्रमिक वर्गलाई पूर्ण रूपमा शहरबाहिर धकेल्नु व्यावहारिक हुँदैन । त्यसैले सरकारले न्यून आय भएका वर्गका लागि सस्तो आवास योजना, श्रमिक आवास, भाडा नियमन र सार्वजनिक यातायातसँग जोडिएको उपयुक्त बसोबास नीति ल्याउनुपर्छ ।

तेस्रो कुरा, नदी संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ । नदी पानी बग्ने ठाउँ मात्र होइन, त्यो वातावरणीय सुरक्षा प्रणाली हो । जलवायु परिवर्तनका कारण बाढी र अत्यधिक वर्षाको जोखिम बढिरहेको अवस्थामा नदी क्षेत्र अतिक्रमणलाई दीर्घकालीन रूपमा स्वीकार गर्नु आत्मघाती हुन्छ ।

चौथो कुरा, राजनीतिक इमानदारी अत्यावश्यक छ । वर्षौंसम्म राजनीतिक दलहरूले सुकुमवासीलाई भोट बैङ्कका रूपमा प्रयोग गरे । चुनावअघि लालपुर्जाको सपना बाँड्ने, आन्दोलनका बेला सहानुभूति देखाउने तर सत्तामा पुगेपछि समस्या थाती राख्ने प्रवृत्तिले आजको सङ्कट जन्माएको हो । यदि समयमै स्पष्ट, वैज्ञानिक र दीर्घकालीन नीति बनाइएको भए, हजारौं परिवार अनिश्चितता र उठीबासको पीडामा पर्ने थिएनन् । त्यसैले अब फेरि भावनात्मक भाषण होइन, स्थायी नीति चाहिन्छ । दार्शनिक थोमस हब्सले भनेझैं राज्यको अस्तित्व केवल शक्ति प्रयोगका लागि होइन, सामाजिक अव्यवस्था रोक्न र नागरिकलाई सुरक्षित भविष्य दिनका लागि हो ।

अहिले बहसमा अर्को खतरनाक प्रवृत्ति पनि देखिन्छ– राज्यलाई पूर्ण रूपमा 'राक्षस' का रूपमा चित्रण गर्ने । लोकतान्त्रिक राज्यको आलोचना आवश्यक हुन्छ, तर हरेक कानूनी कार्यान्वयनलाई अमानवीय दमनका रूपमा चित्रण गर्दा समाजमा संस्थाप्रतिको विश्वास कमजोर हुन्छ । यदि अदालतले नदी क्षेत्र खाली गराउन आदेश दिएको छ भने राज्यसँग त्यसलाई कार्यान्वयन गर्ने दायित्व पनि हुन्छ । प्रश्न कार्यान्वयनको शैलीबारे हुन सक्छ, तर कानूनको अस्तित्व नै अस्वीकार गर्न मिल्दैन । मानवता भनेको टहरा जोगाउनु मात्र होइनह दीर्घकालीन रूपमा सुरक्षित, व्यवस्थित र सम्मानजनक जीवन सुनिश्चित गर्नु हो । यदि नदी किनारमै असुरक्षित अवस्थामा मानिसहरूलाई बसिरहन दिने हो भने त्यो पनि अर्को प्रकारको गैरजिम्मेवारी हुन्छ । (साभार: अनलाइनखबर)

# वातावरण दिवसमा सोसाइटीले साइकल र्‍याली गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/विश्व वातावरण दिवसको अवसरमा शुक्रबार हिमालयन राइडर्स सोसाइटीले साइकल र्‍याली आयोजना गर्ने भएको छ । हेटौंडाको हुप्राचौर बाट सुरु हुने साइकल र्‍याली मकवानपुरगढी गाउँपालिकाको शारदा माविमा पुगेर समापन गरिनेछ ।

बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयको सहयोगमा सोसाइटीले आयोजना गर्न लागेको वातावरण राइडमा एक सय भन्दा बढी राइडर सहभागी हुने सोसाइटीका अध्यक्ष राजु थापामगरले साझाकुरालाई बताए ।

बिहान ६ बजे हुप्राचौरमा राइडरहरु जम्मा भएर शतिलमहलचोक, कपुर कम्प्लेक्स, मेनरोड, बुद्धचोक, चौकीटोल, सामरी हुँदै धादिङस्थित सशारदा माविसम्म पुग्नेछन् । विश्व वातावरण दिवसको अवसरलाई सार्थक बनाउँदै हिमालयन राइडर्स सोसाइटीले शुक्रबार एक प्रेरणादायी साइकल र्‍याली आयोजना गर्न लागेको हो । प्रकृति संरक्षण र स्वस्थ्य जीवनशैलीप्रति जनचेतना फैलाउने उद्देश्यकासाथ आयोजना गर्न लागिएको यस 'वातावरण राइड' ले हेटौंडादेखि मकवानपुर गढीसम्मको यात्रालाई हरियाली सन्देशसँग जोड्नेछ ।

बिहानको स्वच्छ हावासँगै र्‍यालीको सुरुवात हेटौंडाको हुप्राचौर बाट हुनेछ । बिहानैदेखि राइडरहरु हुप्राचौरमा भेलाभई साइकलको पेडल घुमाउन सुरु गर्नेछन् । सोसाइटीका अध्यक्ष थापामगरका अनुसार वातावरण संरक्षण केवल नीतिगत कुरामात्र नभई दैनिक जीवनशैलीसँग जोडिनुपर्ने विषय भएको बताउँदै 'साइकल प्रयोगले प्रदूषण घटाउँछ, स्वास्थ्य सुधार्छ र प्रकृतिसँगको सम्बन्धलाई मजबुत बनाउँछ,' उनले भने । यो र्‍याली केवल खेलकुद गतिविधिमा सीमित छैन, बरु वातावरणप्रति जिम्मेवार नागरिक बन्ने सन्देश बोकेको अभियान हो ।

सडकमा गुड्ने साइक्लको लहरले कार्बन उत्सर्जन घटाउने विकल्पप्रति ध्यानाकर्षण गराउनेछ भने स्थानीय बासिन्दालाई पनि हरितयात्राको महत्व सम्झाउनेछ । ग्रामीण र सहरी भूभागलाई जोड्ने यो मार्गले सहभागीलाइ प्रकृतिको सौन्दर्य नजिकबाट अनुभूति गराउनेछ । खुला आकाशमुनि, हरियाली डाँडाकाँडाको काखमा गुड्ने साइकल र्‍यालीले वातावरण दिवसको मर्मलाई व्यवहारमा उतार्ने छ । र्‍यालीले युवापुस्तालाई विशेषरुपमा प्रेरित गर्ने विश्वास गरिएको छ ।

# मिडिया सम्मेलनको तयारी अन्तिमचरणमा

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/नेपाल पत्रकार महासंघ बागमती प्रदेशको पाँचौ साधारणसभा एवम् प्रदेशस्तरीय मिडिया सम्मेलनको तयारी अन्तीमचरणमा पुगेको छ ।

जेष्ठ २२, २३ र २४ गते हेटौंडमा हुन लागेको साधारण सभा र मिडिया सम्मलेनका लागि आवश्यक पर्ने सवै तयारी पूरा भएको प्रदेश समितिका महासचिव राधेश्याम खतिवडाले जानकारी दिए । २२ गते मिडिया सम्मेलनको उद्घाटन बागमती प्रदेश सरकारका मूख्यमन्त्री ईन्द्रबहादुर बानियाँले गर्ने तय भएको खतिवडाले जानकारी दिए ।

३ विषयमा विज्ञ वक्ताको सहभागितामा सम्मेलन चल्ने बताउँदै उनले सम्मेलनमा बदलिदो पत्रकारिता: संकट, चुनौती र अवसर, गुणस्तरीय पत्रकारिता, आजको आवश्यकता, समाजको आँखामा मिडिया विषयमा बहस गरिने जानकारी दिए ।

त्यसैगरी प्रदेश समितिको पाँचौ सधारणसभा नेपाल पत्रकार महासंघ केन्द्रीय समिति अध्यक्ष निर्मला शर्माबाट उद्घाटन गर्ने तयारी रहेको छ ।

साधारणसभामा सहभागी हुनका लागि १० जिल्लाबाट जिल्ला अध्यक्षसहित प्रदेश परिषद् सदस्यहरुको सहभागिता रहने नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति अध्यक्ष कृष्ण सारुमगरले जानकारी दिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# चट्याङजन्य प्रकोपको उच्चजोखिममा मकवानपुर

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ चट्याङजन्य प्रकोपको मकवानपुर जिल्ला उच्चजोखिम रहेको पाइएको छ । मकवानपुरमा विपत्जन्य घटनासँगै चट्याङजन्य प्रकोप र त्यसबाट हुने मानवीय एवम् भौतिक क्षति बर्सेनि बढ्दै गएको हो ।



सन् २०१६ जुलाईदेखि २०२६ को मे १३ गतेसम्ममा यस जिल्लामा २९६ मनसुनजन्य विपत्का घटनामा ८२ जनाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय मकवानपुरको तथ्यांक छ । मनसुनजन्य विपत्का घटनामा ८२ जनाको मृत्यु भएकामध्ये चट्याङबाट मात्र ३६ जना रहेको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरको विपत् व्यवस्थापन शाखाका नासु दीपकप्रसाद पौडेलले यो अवधिमा चट्याङबाट मृत्युभएकामध्ये सबैभन्दा बढी मकवानपुरगढी गाउँपालिकामा १३ जना रहेको बताए ।

यस्तै जिल्लाका १० स्थानीय तहमध्ये बकैया गाउँपालिका र मनहरी गाउँपालिकामा छ-छ जना, राक्सिराङ गाउँपालिकामा पाँच जना, हेटौँडा उपमहानगरक्षेत्रमा तीन जना, बागमती गाउँपालिकामा दुई जना र कैलाश गाउँपालिकामा एक जनाको यो अवधिमा चट्याङले मृत्युभएको जिल्ला प्रशासन कार्यालयको अभिलेखमा छ । यसैगरी मनसुनजन्य विपत्का घटना बाढी पहिरोबाट यो अवधिमा मकवानपुर गढी गाउँपालिकामा नै सबैभन्दा बढीको ज्यान गएको छ । पहिरोमा परेर १५ र बाढीबाट १२ जनाको मृत्युभएको थियो ।

चट्याङको प्रकोप बर्सेनि बढ्दै गएपछि मकवानपुरको राक्सिराङ गाउँपालिकामा चट्याङको पूर्वसूचना दिने प्रणाली जडान गरिएको छ । गतवर्ष वैशाखमा पूर्वसूचना दिने प्रणाली पालिकाको विभिन्ना स्थानमा जडान गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । उनले चट्याङको पूर्वसूचना दिने प्रणाली जडानसँगै स्थानीयमा सचेतता र सतर्कताका कारण चट्याङबाट हुने मानवीय क्षति न्युनीकरणमा सहयोग पुगेको बताए । 'सामान्य बादल लाग्दासमेच साइनर बज्न थाल्ने भएकोले ध्वनि प्रदूषणको समस्या देखिएको औंल्याउँदै,' उनले भने, 'चट्याङको पूर्वसूचना दिने प्रणाली जडानसँगै अर्थिङ जडानलाई हामीले प्राथमिकतामा र ाखेका छौँ ।'

पालिकाले ५० प्रतिशत अनुदानमा वडा नम्बर १ का २२ घरमा अर्थिङ जडान गरिएको छ । गाउँपालिकाले चट्याङजन्य प्रकोपबाट हुने जोखिम र मानवीय क्षति न्युनीकरणका लागि प्रभावकारी माध्यम अर्थिङ जडान भएको निष्कर्ष सहित अर्थिङ जडानमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिने गाउँपालिका अध्यक्ष मल्लले बताए ।

पिपुल इन निडको आर्थिक सहयोग र साउथ एसियन लाइटिनङ नेटवर्कको प्राविधिक सहयोगमा चट्याङ पूर्वसूचना सेन्सरसहितको यन्त्र राक्सिराङ गाउँपालिकामा स्थापना गरिएको छ ।

राक्सिराङ चट्याङ उच्च जोखिम भएको पालिका भएकोले यो प्रणालीको जडानले चट्याङबाट हुने धनजनको क्षति न्युनीकरणमा सहयोग पुग्ने पालिकाले जनाएको छ । पूर्वसूचना प्रणाली जडान भएपछि बादलमा विद्युतीय चार्ज उत्पन्न हुँदै गर्दा उपकरणमा भएको सेन्सरले १६ किमि क्षेत्रभित्रको विद्युतीय चार्ज थाहा पाउँछ । प्रकरणले साइरन प्रणालीसँग जोडेर पूर्वसूचनाको सन्देश प्रवाह गर्छ । यो प्रणालीले चट्याङ आउनुभन्दा करिब १६ मिनेटअघि पूर्वसूचना दिने छ, जसले सर्वसाधारणलाई सुरक्षित स्थानमा जान सन्देश प्रवाह गर्ने प्रविधि रहेको छ ।

गाउँपालिका अध्यक्ष मल्लले विपद्का दृष्टिले राक्सिराङ उच्चजोखिमयुक्त क्षेत्र भएकाले धनजनको क्षति रोक्न प्रविधिको आवश्यक भएको बताए । पालिकामा एउटा मुख्य सेन्सर र विभिन्न स्थानमा आठवटा साइरन प्रणाली जडान गरिएको गाउँपालिकाको भनाइ छ ।

# बागमती कप टी-२०: ललितपुर र भक्तपुरको लगातार दोस्रो जित

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ हेटौंडा-६ स्थित गौरिटार अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा जारी बागमती कप टी-२० क्रिकेट प्रतियोगितामा ललितपुर र भक्तपुरले बुधबार लगातार दोस्रो जित दर्ता गरेका छन् ।



बुधबारको पहिलो खेलमा ललितपुरले नुवाकोटलाई ३० रनले पराजित गर्दै प्रतियोगितामा दोस्रो जित निकालेको हो । टस जितेर पहिले ब्याटिङ गरेको ललितपुरले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ७८ रनको बलियो योगफल तयार पारेको थियो । ललितपुरका लागि सचिन लेखकले ३९ बलमा ५७ रनको उत्कृष्ट अर्धशतकीय पारी खेले । आदिल खानले २८, रोनिम तिवारीले २२ तथा विवेक राना मगरले २० रनको योगदान दिए । नुवाकोटका इशान पाली र गणेश गौतमले समान दुई-दुई विकेट लिए ।

१ सय ७९ रनको लक्ष्य पछ्याएको नुवाकोटले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १४८ रन मात्र बनाउन सक्यो । दिनेश सुवेदीले ४७ रन र अनुभव खनालले ४० रन बनाए पनि टोलीलाई जित दिलाउन सकेनन् । ललितपुरका विवेक राना मगर र सरस खत्रीले समान दुई-दुई विकेट लिएर विपक्षी ब्याटिङलाई दबाबमा राखेका थिए । यसअघि ललितपुरले चितवनलाई २ रनले हराएको थियो । बुधबारको दोस्रो खेलमा भक्तपुरले काठमाडौंमाथि १ विकेटको रोमाञ्चक जित निकाल्दै लगातार दोस्रो सफलता हात पाऱ्यो ।

पहिले ब्याटिङ गरेको काठमाडौंले २० ओभरमा ९ विकेट गुमाएर १ सय ३३ रन बनाएको थियो । कप्तान रित गौतमले सर्वाधिक ६४ रन बनाए भने नितेश कुमारले ३२ रन जोडे । भक्तपुरका सुवास खत्री र भूपेन्द्र आचार्यले समान तीन-तीन विकेट लिए भने सक्रियप्रताप कार्कीले दुई विकेट हात पारे । १३४ रनको लक्ष्य पछ्याएको भक्तपुरले अन्तिमसम्म संघर्ष गर्दै २० ओभरमा ९ विकेट गुमाएर १३६ रन बनाउँदै रोमाञ्चक जित दर्ता गऱ्यो । भक्तपुरका लागि रिङजिन लामाले ३७ रन तथा सक्रियप्रताप कार्कीले २५ रनको महत्वपूर्ण योगदान दिए ।

काठमाडौंका सन्दिप पराजुलीले उत्कृष्ट बलिङ गर्दै ५ विकेट लिए पनि टोलीलाई हारबाट जोगाउन सकेनन् । लिग प्रणालीमा सञ्चालन हुने प्रतियोगितामा नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्ला मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौंको सहभागिता रहेको छ । प्रतियोगिता जेठ २६ गतेसम्म सञ्चालन हुनेछ ।

# पुरुषोत्तममासमा थाहाको मत्स्यनारायण मन्दिरमा भक्तजनको घुइँचो

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ मकवानपुरको थाहा नगरपालिका-२, सोल्टुस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको मत्स्यनारायण मन्दिरमा पुरुषोत्तममासको अवसरमा विशेष पूजा, स्नान तथा धार्मिक कार्यक्रम भव्यरुपमा सञ्चालन भइरहेको छ ।




हिन्दु धर्मशास्त्रअनुसार भगवान् विष्णुको आराधनाका लागि विशेष मानिने पुरुषोत्तममासमा देशका विभिन्न स्थानबाट भक्तजन मन्दिर पुगेर पूजा-आराधना, कथाश्रवण तथा स्नानमा सहभागी भइरहेका छन् । यो महिनामा भगवान् नारायणको पूजा, दान पुण्य तथा महात्म्य श्रवण गरे पापनाश भई पुण्य प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ । स्थानीयकाअनुसार विक्रम संवत् १९०० अगावै स्थापना भएको मत्स्यनारायण मन्दिर पालुङ सोल्टु क्षेत्रको प्रमुख धार्मिक धरोहरकारुपमा परिचित छ ।

स्थानीय समाजसेवी शमशेरबहादुर बस्नेतले आफ्नै लगानीमा मन्दिर, मूर्ति तथा पाटी निर्माण गरी नित्य पूजा र प्रत्येक पुरुषोत्तममासमा महात्म्य श्रवणको परम्परा सुरु गरेका थिए । लामो समयसम्म ओझेलमा परेको यस मन्दिरलाई हाल स्थानीयवासीको सक्रिय पहलमा पुनर्निर्माण गरिएको छ । पुनर्निर्माणपछि मन्दिर परिसर थप आकर्षक र व्यवस्थित बनेको छ । वडासदस्य युवराज बिष्टले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै धार्मिक पर्यटक आकर्षित गर्ने उद्देश्यले मन्दिर पुनर्निर्माण गरिएको बताए ।

उनकाअनुसार यसले स्थानीय पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधिमा सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । मन्दिर निर्माण समितिका अध्यक्ष सीताराम बिष्टकाअनुसार वैशाख ३० गते प्राणप्रतिष्ठासहित विशेष धार्मिक कार्यक्रम सम्पन्न गरिएको थियो । त्यसपछि जेठ २ गतेदेखि असार १ गतेसम्म पुरुषोत्तम महात्म्य कथावाचन, मलमास स्नान तथा विविध धार्मिक अनुष्ठान सञ्चालन भइरहेका छन् । प्राकृतिक सौन्दर्यले घेरिएको सोल्टु क्षेत्रको यो धार्मिक स्थलले भक्तजनको आस्था मात्र नभई पर्यटनको सम्भावना पनि बोकेको स्थानीयको विश्वास छ ।







## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०२।२१*

उपरोक्त सम्बन्धमा यस विद्यालयमा निम्न माध्यमिक तह तृतीय श्रेणी गा.पा. अनुदान कोटा अंग्रेजी विषयको शिक्षक संख्या १ रिक्त रहेकोले सो कोटामा शिक्षक पदपूर्ति गर्न भीमफेदी गा.पा.को च.नं. २१९७ को मिति २०८३/०२/१८ का अनुमति पत्र एवम् विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०२/२० गतेको निर्णय अनुसार तपशिल अनुसार शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले निम्न योग्यता भएका इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हानका लागि १५ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

विज्ञापन नं. : ०१-२०८२/०८३
तह : नि.मा.वि. तह (गा.पा. अनुदान)
विषय : अंग्रेजी
पद संख्या : १ (एक)
उमेर : १८ वर्ष पूरा भई ४० ननाघेको ।
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय अंग्रेजी लिई सम्बन्धित विषयमा +२ वा सो सरह उत्तीर्ण
तलब स्केल : गाउँपालिकाले तोकिए बमोजिम
दरखास्त दस्तुर : १५०० । (एक हजार पाँच सय मात्र)
परीक्षाको किसिम : लिखित, मैखिक, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक
दरखास्त दिने अन्तिम मिति : २०८३/०३/०४ गते बेलुका ४:०० बजेसम्म
सम्पर्क मिति : २०८३/०३/०५ गते बेलुका ४:०० बजेसम्म
परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ ।
दरखास्त दिने स्थान : श्री पञ्चकन्या माध्यमिक विद्यालय, भीमफेदी-८, इपाउखुबारी, मकवानपुर

**आवश्यक कागजातहरू :**


क) नेपाली नागरिकताको प्रतिलिपि २ थान
ख) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २ थान
घ) हस्तलिखित निवेदन १ थान

**श्री पञ्चकन्या माध्यमिक विद्यालय**
**भीमफेदी-८, इपाउखुबारी, मकवानपुर**
सम्पर्क नं.: ९८६३८३६९४३ (प्र.अ), ९८४५४८७९६२ (वि.व्य.स. अध्यक्ष), ९८५५०७४२०६ (सहायक प्र.अ.)
ईमेल: *panchakanyamabi.924@gmail.com*



## आकर्षक घडेरी बिक्रीमा

हेटौँडा वडा नं. १ स्वर्गलोक,
हेटौँडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



## "सफा ट्यांकी, स्वस्थ जिन्दगी"

### तपाईको पानी ट्यांकी कतिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

**याद गर्नुहोस् है**

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।

- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

**छत/भूमिगत पानी ट्यांकी सफाई सेवा**

*थप जानकारीको लागि*

**इनर्जेटिक सर्भिसिज प्रा.लि.**
९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौँडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना